आ.ब. २०८३/०८४ को चौथो बैठक

आज मिति २०८३।०४।२९ गते शुक्रबारको दिन बिहान ७:०० बजे यस परवानीपुर गाउँपपालिकाका अध्यक्ष श्री रामक्षत्री प्रसाद कुर्मीज्यूको अध्यक्षतामा यस परवानीपुर गाउँकार्यापालिकाको तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

## उपस्थिती

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रामक्षत्री प्रसाद कुर्मी | अध्यक्ष | |
| २ | श्री सुगान्धी देवी कनुइन | उपाध्यक्ष | |
| ३ | श्री चोकट महतो धानुक | सदस्य | |
| ४ | श्री महमदनुरुल होदा अंसारी | सदस्य | |
| ५ | श्री इब्राहिम मियाँ धोबी | सदस्य | |
| ६ | श्री गम्भिरा राउत कुर्मि | सदस्य | |
| ७ | श्री रामेश्वर साह कलवार | सदस्य | |
| ८ | श्री इन्द्रकलिया देवी चमैन | सदस्य | |
| ९ | श्री चिन्ता देवी पासवान | सदस्य | |
| १० | श्री लक्ष्मीना देवी नुनिया | सदस्य | |
| ११ | श्री कोहरी देवी भरिन | सदस्य | |
| १२ | श्री जगदिश राम | सदस्य | |
| १३ | श्री महन्थ राम हरजन | सदस्य | |
| १४ | श्री मुन्ना साह रौनियार | सदस्य - सचिव | |
| १५ | श्री घनश्यमा चौधरी | ईन्जिनियर | |
| १६ | श्री रवि जैशवाल | IT Officer | |
| १७ | श्री आयुष कुमार साह | लेखा शाखा प्रमुख | |
| १८ | श्री कृष्णा प्रसाद यादव | राज्शव शाखा प्रमुख | |
| १९ | श्री लक्ष्मी बडाल | प्रशासन शाखा प्रमुख | |
| २० | श्री रुपेश मण्डल | योजना शाखा प्रमुख | |
| २१ | श्री बच्चा प्रसाद यादव | कार्यालय सहयोगी | |
| २२ | श्री अशोक राम | कार्यालय सहयोगी | |
| २३ | | | |
| | | | |

# प्रस्ताव तथा निर्णयहरु

तपसिल बमोजिमको प्रस्तावहरु माथी व्यापक छलफल गरि निर्णय गरियो ।

| क्र.स. | बिषय | तपसिल बमोजिमको प्रस्तावहरु माथी व्यापक छलफल गर्दा, |
|---|---|---|
| १ | समिक्षा | **औ कार्यपालिका बैठकका निर्णयको समिक्षा सम्बन्धमा ।** |
| | | मिति २०८३/०३/१५ गतेको कार्यपालिकको बैठक बाट भएको निर्णयहरु कार्यवन्यन अवस्थामा रहेकाले सम्बन्धित सबैलाई धन्यवाद दिने । |
| २ | कानुनी मामिला | **अदालतको मुद्दाको सम्बन्धमा ।** |
| | | ➢ सम्मानित सर्वोच्च अदालतमा निवेदक जिल्ला बारा परवानीपुर गाउँपालिका वडा नं.१ स्थित श्री पञ्चमुखी कृषि सहकारी संस्था लिमिटेडको तर्फबाट अख्तियार प्राप्त ऐ. सहकारी संस्थाका संचालक समितिका अध्यक्ष ऐ.ऐ. बस्ने गौरीशंकर प्रसाद कोईरीले यस जिल्ला बारा परवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बाराको कार्यालय, गा.पा. अध्यक्ष रामक्षत्री प्रसाद कुर्मी, गा.पा. उपाध्यक्ष एवं स्थानीय तह मल वितरण व्यवस्थापन समितिका संयोजक सुगान्धी देवी कनुईन, गा.पा. कृषि शाखा प्रमुख राम बहादुर कुशवाहा, स्थानीय तह मल वितरण व्यवस्थापन समिति र गा.पा.का कार्यालय प्रमुख प्रशासकीय अधिकृतको तर्फबाट मुद्दा नं. ०८२-ऋक्ष१२३६ मुद्दा नं. निषेधाज्ञामा लिखित जवाफ दर्ता गराई तारेखमा रुजु हाजिर रहि मुद्दाको पुर्वक्ष गर्न यस परवानीपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय लिपनीमाल बारामा कार्यरत कम्प्युटर अपरेटर जिल्ला बारा परवानीपुर गाउँपालिका वडा नं.३ लिपनीमाल बस्ने राम कुमार सोनललाई अख्तियारी दिई प्रतिनिधि पठाउने सर्वसहमतिले निर्णय गरियो।<br>➢ उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा निवेदक बागमती प्रदेशको जिल्ला काठमाण्डौ, काठमाण्डौ म.न.पा. वडा नं.१२ स्थित रजिष्ट्रार कार्यालय रहेको जय श्री हेल्थ केयर प्रा.लि.को परिवर्तित नाम सिनर्जी न्यूट्राटेक प्रा.लि.को तर्फबाट ऐ. संचालकहरु मध्ये अख्तियार प्राप्त संचालक मधेश प्रदेशको जिल्ला पर्सा, वीरगंज म.न.पा. वडा नं.७ जन्म भै हाल ऐ. वीरगंज म.न.पा. वडा नं.६ बस्ने वर्ष...को साकेत क्याललले यस जिल्ला बारा परवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बाराको कार्यालय र यस गा.पा.को न्यायिक समितिको तर्फबाट मुद्दा नं. ०८३-छइ(००५४ मुद्दा नं. उत्प्रेषण परमादेशमा लिखित जवाफ दर्ता गराई तारेखमा रुजु हाजिर रहि मुद्दाको पुर्वक्ष गर्न यस परवानीपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय लिपनीमाल बारामा कार्यरत कम्प्युटर अपरेटर जिल्ला बारा परवानीपुर गाउँपालिका वडा नं.३ लिपनीमाल बस्ने राम कुमार सोनललाई अख्तियारी दिई प्रतिनिधि पठाउने सर्वसहमतिले निर्णय गरियो। |

CamScanner

| | | |
|---|---|---|
| | | **महिला स्वास्थ्य स्वमंसेविका तथा औषधी खरिद सम्बन्धमा ।** |
| ३ | स्वास्थ्य शाखा | ➢ परवानीपुर गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा रिक्त भएका सामुदायिक महिला स्वास्थ्य स्वमंसेविकाहरुको सट्टामा नया सामुदायिक महिला स्वास्थ्य स्वमंसेविकाहरु छनौट गर्न तथा वडा नं. ४ अन्तर्गत हाल सम्म २ जना महिला स्वास्थ्य स्वमंसेविका मात्र कार्यरत रहेको तथा जनसंख्याको दृष्टिकोणले परवानीपुर गाउँपालिका अन्तर्गत दोश्रो ठुलो जनसंख्या भएको वडा रहेको हुँदा स्वास्थ्यका कार्यक्रमहरु प्रभावकारी बनाउनका लागि थप ४ जना महिला स्वास्थ्य स्वमंसेविका थप गर्न आवश्यक देखिएको हुँदा रास्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वमंसेविका कार्यक्रम रणनीति २०७६ (पहिलो संशोधन २०७६) अनुसार तराईमा १००० जनसंख्यामा १ जनाको दरले तथा स्थानीय तहको भागौलिक अवस्था, स्थानीय आवश्यकता र क्षमताको आधारमा छनौट गर्ने प्रावधान रहेको हुँदा स्वास्थ्य चौकीको सहजीकरण तथा आमासमुहको बैठक बसी छनौट सम्बन्धि कार्यविधि बमोजिम गठन गर्ने<br>➢ परवानीपुर गाउँपालिकाले स्वास्थ्य संस्थाहरु मार्फत निशुल्क वितरण हुने औषधिहरु भुमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ४२ मिति २०८३/०४/१८ गते को प्राप्त पत्र अनुसार नेपाल औषधि लिमिटेड बबरमहल काठमाण्डौ संग सोझै खरिद गर्न सकिने भनि जानकारी भए अनुसार सम्झौता गरि गर्ने /गराउने । |
| | | **कर्मचारी व्यवस्थापन सम्बन्धमा ।** |
| ४ | कर्मचारी व्यवस्थापन | ➢ विगत देखि नै पालिका तथा मातहतका कार्यालयमा रिक्त रहेको पदमा पालिकाको करारमा जनशक्ति लिने कार्यविधि बमोजिम खुला दरखास्त अहवान गरि पदपुर्ति गर्ने साथै विगत देखि यस कार्यालयमा डोर हाजिरमा कार्यरत कर्मचारीलाई विशेष प्राथमिकता समेत दिने ।दरखास्त अहवान गर्ने तपसिलका पदहरु<br>• कम्प्युटर अपरेटर ५ जना<br>• ट्रेकटर ड्राइभर १ जना<br>• एमबुलेन्स ड्राइभर १ जना<br>• कार्यालय सहयोगी ३ जना<br>• मनोसमाजिक परामर्शकर्ता १ जना<br>• मेडिकल अफिसर १ जना |
| | | **अनुमति तथा सम्झौता सम्बन्धमा ।** |
| ५ | राज्शव तथा प्राविधिक शाखा | ➢ स्थानिय राज्शव परामर्श समिति तथा गाउँ सभाबाट पारित आर्थिक ऐनं २०८३ को अनुसूची -८ दफा ८ को उपदफा १ सगं सम्बन्धित विज्ञापन करको दर (११४७२) अनुसार मिति २०८३/०४/०१ गते साईन हव प्रा.ली. ले दिएको पत्र अनुसार परवानीपुर गाउँपालिका भित्र रहेका सार्वजनिक सोलार पोलहरुमा विज्ञापन बोर्ड लगाउन तथा मिति २०८३/०४/१८ गते **R.A.B.S. International Pvt. Ltd.** ले दिएको पत्र अनुसार परवानीपुर गाउँपालिकाको मुख्य सडकको डिभाइडरमा १० फिट X ३० फिट साइजको युनिपोल विज्ञापन संरचना जडानको लागी अनुमति |

CS CamScanner

| | | |
|---|---|---|
| | | माग भएकोमा पालिकाको आर्थिक ऐन २०८३ अनुसारको दररेटमा तथा जडान तथा संचालनको जिम्मेवारी पुर्ण रुपमा कानुन बमोजिम सुरक्षा मापदण्डको पुर्ण पालना हुने सर्त राखी कम्पनीहरुलाई अधिकत्ममा ५ वर्षको लागी अनुमति प्रदान गर्ने ।<br>➢ परवानीपुर गाउँपालिकाको मुख्य सडकको वरिपरि गाडीहरु अनाधिकृत रुपमा पार्किङ्ग हुने गरेको गुनासो सहिति ओमशिवशक्ति बचत सहाकारी संस्थाले यस कार्यालयमा मिति २०८३/०४/२६ गते दिएको पत्र अनुसार सो सडकको पेटिमा नो पार्किङ्गको बोर्ड निजिहरुले नै जडानको लागी अनुमति माग गरे बमोजिम निज ओमशिवशक्ति सहकारि संस्था लगायत अन्य संस्था कमपनी व्यवसायलाई आफ्नै लगानीमा नो पार्किङ्गको बोर्ड जडानको लागी अनुमति दिने । |

परवानीपुर गाउँपालिका र गण्डक अस्पताल विच पालिका भरिका जन्ताहरुको लागी उपचार सहुलियतको लागी  दुइ पक्षिय सम्झौता गर्ने निर्णय गरियो ।

CamScanner